म.प.बै.सं. ९।०८०

## संवत् २०८० साल भदौ ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव तथा निमित्त निर्देशकको जिम्मेवारी प्रदान गर्ने ।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सर्लाही जिल्ला, बलरा नगरपालिका वडा नं. ३ निवासी डा. शिला मिश्रलाई प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा नियुक्ति गर्ने ।
३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सभाको अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।
४. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः प्रदेशस्तरीय निकायका निजामती कर्मचारीहरुको आन्तरिक पर्यटन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने ।
५. भौतिक पूर्वाधार विकास मन्त्रालयः मधेश प्रदेशका सबै जिल्लाहरुमा पूर्वाधार विकास कार्यालय स्थापना गरी सोको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने ।
६. वन तथा वातावरण मन्त्रालयः संघको फाजिल दरबन्दीमा रही यस प्रदेशमा कामकाजका लागि खटाइएका फरेष्टरहरुलाई पदमिलान सहित प्रदेशमा समायोजनका लागि आवश्यक व्यवस्था हुन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय समक्ष अनुरोध गर्ने ।
७. श्रम तथा यातायात मन्त्रालयः मधेश प्रदेश सरकार, श्रम तथा रोजगार नीति, २०७९ स्वीकृत गर्ने ।
८. श्रम तथा यातायात मन्त्रालयः संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० स्वीकृत गर्ने ।